नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

मितिः २०८१/०७/३०

आज मिति २०८१ कार्तिक ३० गते (तदनुसार नोभेम्बर १५, २०२४) नेपालबाट भारतीय ग्रिडमार्फत बंगलादेशमा ४० मेगावाट विद्युत प्रवाहको ऐतिहासिक उद्घाटन भर्चुअल माध्यमबाट नेपालका तर्फवाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय श्री दिपक खड्का, भारत सरकारका विद्युत मन्त्री माननीय श्री मनोहर लाल र बंगलादेश सरकारका ऊर्जा, विद्युत तथा खनिज मन्त्रालयका सल्लाहकार माननीय मुहम्मद फौजुल कबिर खानले संयुक्त रुपमा गर्नुभयो। ढल्केवर-मुज्ज़फ़रपूर ४०० के.भी. अन्तरदेशीय प्रशारण लाईन मार्फत भारतीय ग्रिड र बहरामपुर (भारत)- भेरामारा (बंगलादेश) अन्तरदेशीय प्रशारण लाईन हुँदै उक्त ४० मेगावाट विद्युत प्रवाह गरिएको छ।

नेपाल विद्युत प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटीपीसी विद्युत व्यापार निगम लिमिटेड बीच गत अक्टोबर ३, २०२४ मा विद्युत खरिद-बिक्री सम्बन्धी त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको थियो। सोही सम्झौताअनुसार नेपालले उत्पादन गरेको विद्युत भारतीय प्रशारण लाईन हुँदै बंगलादेश पठाईएको छ। नेपालले अमेरिकी डलरमा विद्युत विक्री गर्ने यो पहिलो सम्झौता हो। यो त्रिपक्षीय ऊर्जा सहकार्यले नेपाल, भारत र बंगलादेशबीच विद्युत व्यापारको सम्भावनालाई थप विस्तार गरेको छ भने नेपाल, भारत र बंगलादेशबीचको ऊर्जा सहकार्यलाई नयाँ उचाइमा पुऱ्याएको छ।

चिरञ्जीवी चटौत
सहसचिव एवम् प्रवक्ता

CamScanner